# भाजपाको आईटी सपना

*– विनयकुमार कसजू*

झण्डै चार दशकअघिसम्म भारतमा चुनावमा एउटा राजनीतिक दल रामराज्य परिषदको नाम सुनिन्थ्यो । त्यसले चुनाव घोषणापत्रमा सरकारमा गएपछि देशभरि मन्दिर र धर्मशाला बनाउने, यज्ञ, होम र भजनहरू गर्ने, गुरुकुल आश्रमहरू खोल्ने जस्ता कार्यक्रमहरू राखेर जनतासँग भोट माग्थ्यो । तर अहिलेको भारतमा हुन लागेको संसदको चुनावको घोषणपत्र बेग्लै छ । यसअघि केन्द्रिय सरकार चलाइसकेको एउटा प्रमुख राजनीतिक दल भारतीय जनता पार्टीले, जसलाई बाहिरका मानिसहरूले हिन्दूबादी पार्टी भन्छन्, छक्कै पार्ने गरी चुनाव घोषणा प्रकाशित गरेको छ । हिन्दू धर्मको कट्टर समर्थक जनसंघ पार्टीबाट विकसित भएको भारतीय जनता पार्टीले (भाजपा) आफ्नो विजयको आधार भारतका बहुसंख्यक हिन्दूमतदातालाई बनाउँदै आएको थियो । तर अहिलेको चुनावमा त्यसले जारी गरेको घोषणापत्र त्यही पार्टीको हो भनेर पत्याउन गाह्रो छ । भारतको सूचना प्रविधिको क्षेत्रमा त्यो घोषणापत्रको निक्कै चर्चा भइरहेको छ ।

भाजपाले जनतालाई सपना बाँडेको हो कि साँच्चै नै त्यसले देशको उन्नति र जनताको जीवनस्तर उकास्नका लागि सूचना प्रविधिलाई मेरुदण्ड मानेको हो भन्ने कुरा त त्यो पार्टी सत्तामा गएपछि थाहा होला, तर देशको उन्नतिका लागि सूचना प्रविधिको उपयोग गर्ने सम्बन्धमा त्यो दलको परिकल्पना साँच्चै नै अरूको लागि उदाहरणीय छ । खास गरी एक्कइसौं शताब्दीमा अठारौं शताब्दीको राजनीतिक समाधान खोज्ने प्रयासमा आपसमा बाझाबाझ गरिरहका हाम्रा राजनीतिक दलहरूको लागि त यसले आँखा खोल्न सक्छ, यदि आँखा छ र खोल्ने साहस छ भने ।

चुनाव घोषणापत्रमा सूचना प्रविधिको खण्ड तीस पेज लामो छ । त्यसमा सूचना प्रविधिको उपयोग गरी पाँच वर्षभित्र भारतलाई मानव विकास सूचकांकमा पचासौं स्थानमा पुर्‍याउने लक्ष्य लिएको छ । अहिले राष्ट्र संघको मानव विकास सूचकांकमा भारत १२८ औं स्थानमा छ । यसै गरी सन् २०२० सम्ममा भारतलाई विश्वका सबैभन्दा उन्नत २० देशमाझ पुर्‍याउने भाजपाको लक्ष्य छ ।

झट्ट हेर्दा यो घोषणापत्र पहिलेका चुनावहरूमा राजनीतिक दलहरूले मतदातालाई बाँडने सपना जस्तै देखिन्छ । तर त्यो लक्ष प्राप्त गर्न त्यसले रोजेको बाटो र कार्यक्रम भने विश्वसनीय छन् । सूचना प्रविधिको विश्वमा भइरहेको द्रुत र आश्चर्यजनक उपलब्धिलाई हेर्दा यसलाई कल्पना वा सपना मात्रै भनेर पंछिन मिल्ने छैन । बरु अन्य विकासशील मुलुकहरूका लागि पनि सूचना प्रविधिको सहयोग लिएर कसरी विकास गर्न सकिन्छ भन्ने शिक्षा दिने खालको छ ।

उक्त घोषणापत्रअनुसार भारतका गाँगाउँमा इन्टरनेटको संजाल फैलाउनका लागि चाहिने इन्टरनेटको मेरुदण्ड निर्माण गर्न “राष्ट्रिय डिजिटल राजमार्ग विकास परियोजना” संचालन गरिने छ । तथा दुर्गम र विकट गाउँमा सूचना प्रविधि पुर्‍याउनका लागि “प्रधानमन्त्री डिजिटल मार्ग योजना” लागू गरिने छ । त्यसबाट अति द्रुत गतिमा र गुणस्तरीय कनेक्सन, अर्थात् प्रति सेकेण्ड २ मेगाबाइट डेटा संप्रेषण गर्न सकिने, ब्रोडब्याण्ड इन्टरनेट कनेक्सन सहरमा मात्रै होइन गाउँमा पनि पुर्‍याइने छ । यसको शुल्क केवुल टेलिभिजनको शुल्कजति

अर्थात् मासिक भारतीय  दुई सय रूपैयाँ मात्रै लाग्ने छ । यसरी गाउँगाउँमा ब्रोडव्याण्ड सेवा पुर्‍याएर एक करोड बीस लाख युवाका लागि गाउँमै रोजगारी सिर्जना गरिने छ ।

सूचना प्रविधिलाई शिक्षाको अभिन्न अंग बनाउने मेसोमा एक करोड विद्यार्थीलाई भारतीय रूपैयाँ दश हजारमा ल्यापटप कम्प्युटर उपलब्ध गराइने छ । असमर्थ विद्यार्थीहरूलाई कम्प्युटर किन्न निर्व्याजी ऋण दिइनेछ । हरेक स्कुल र कलेजमा इन्टरनेटको मदतले शिक्षा दिने व्यवस्था गरिनेछ ।

इबैंकिङ सुविधा सबै नागरिकलाई उपलब्ध गराइने छ । सम्पूर्ण आर्थिक कारोवार बैंकमार्फत गरिनेछ । नागरिकहरूलाई सरकारले उपलब्ध गराउने पेन्सन, वृद्धभत्ता, विधवा भत्ताजस्ता कल्याणकारी सहयोग रकम सोझै नागरिकको कार्डमा जम्मा हुने व्यवस्था गरिने छ । यस्तो रकम पाउने हरेक नागरिकलाई स्मार्ट मोबाइल फोन दिइने छ । अनपढले पनि त्यो फोनबाट बैंकको खाता संचालन गर्न सक्ने छ । यसले आर्थिक भ्रष्टाचार र ब्युरोक्रेसीको बोझलाई स्वात्तै घटाउनेछ ।

अहिले भारतमा मोबाइल फोन प्रयोग गर्नेको संख्या चालिस करोड छ । यो संख्यालाई पाँच वर्षभित्र एक अरब पुर्‍याउने भाजपाको लक्ष छ । इन्टरनेट प्रयोगकर्ताको संख्या पनि त्यति नै पुग्ने छ । पाँच वर्षमा आईटीको हरेक क्षेत्रमा भारत चिनको बराबरीमा हुने छ ।

भिडियो कन्फ्रेन्सिङ प्रविधिद्वारा गाउँका प्राथमिक स्वास्थ्य केन्द्रहरूको सम्बन्ध राष्ट्रिय टेलिमेडिसिन सेवा संजालसँग हुनेछ र स्तरीय स्वास्थ्य परीक्षण र उपचार गाउँमा पुग्नेछ । आईटीको प्रयोग गरेर हरेक नागरिकलाई आधारभूत स्वास्थ्य बीमा स्किम संचालन गरिनेछ ।

कृषि, ग्रामीण विकासका साथै असंगठित आर्थिक तथा अन्य विभिन्न क्षेत्रमा सूचना प्रविधिको अत्यधिक उपयोग गर्ने योजना छ । केन्द्र सरकारका मन्त्रालयदेखि ग्राम पंचायतसम्म इगभर्नेन्स योजना लागू गर्ने कार्यक्रम छ । साथै गुजरातमा सुरु गरिएको “इग्राम विश्वग्राम” स्किम लाई देशभरि लागू गरिनेछ ।

एक जना पूर्व प्रधानमन्त्रीले भनेका थिए, “यदि मैले दिल्लीको पाइपलाइनमा १०० रूपैयाँ राखें भने गाउँमा १५ रूपैयाँ मात्रै पुग्छ ।” अब भाजपाले दिल्लीमा राखेको १०० रूपैयाँ गाउँमा पुग्दा पनि १०० रूपैयाँ नै पुग्ने गरी आर्थिक भ्रष्टाचाररहित प्रशासन संचालन गर्दैछ । सूचना प्रविधिको उपयोगले यसलाई सम्भव बनाउने छ ।

आईटीको उपयोग गरेर हुलाकहरूलाई बहुसेवा प्रदायी संस्थामा परिणत गरिने छ भने टेलिफोन बुथहरूलाई इन्टरनेट केन्द्रको रूपमा चलाउने योजना छ । हरेक नागरिकले आफ्नो क्षेत्रका सांसदसँग टलफ्री फोनमार्फत निःशुल्क टेलिफोनमा कुरा गर्न पाउने छ भने इन्टरनेटबाट फोन (भीओआईपी) गर्ने प्रविधि असीमित र निःशुल्क हुनेछ ।

भारतीय भाषाहरूको प्रवर्द्धन गर्न “इभाषा राष्ट्रिय कार्यक्रम” संचालन गर्ने, आईटीको प्रयोग गरी भारतीय संस्कृति र सांस्कृतिक सम्पदाको संरक्षण गर्ने, महिला तथा पाखा पारिएका वर्ग र समुदायलाई आईटीको आधारमा विकासको मूलधारमा ल्याउने इत्यादि कुराहरू पनि भाजपाको कल्पनाशील घोषणपत्रमा परेका छन् ।

ओपन स्टैण्डर्ड र ओपन सोर्स सफ्टवेयरलाई सरकारले स्तर निर्धारण गर्ने, हार्डवेयर उद्योगलाई आयातमा निर्भर हुन नपर्ने गरी प्रवर्द्धन गर्ने, व्याण्डविथ शुल्क घटाउन देशभित्रका

वेब होस्टिड उद्योगहरूलाई बढाउने तथा सूचना प्रविधिको मदतले गरिने साइबर अपराध र आतंक नियन्त्रण गर्न “स्वतन्त्र डिजिटल सेक्युरिटी एजेन्सी” गठन गर्ने कुरा पनि उक्त घोषणापत्रमा छ ।

सबैभन्दा रोचक र उपयोगी कुरा, तीन वर्षभित्र हरेक भारतीय नागरिकको आफ्नै नागरिक पहिचान क्रमसंख्या (Citizen Identification Number CIN) भएको बहुउद्देश्यीय राष्ट्रिय परिचयपत्र (Multipurpose National Identity Card MNIC) हुनेछ । यो परिचयपत्रमा नागरिकको तीन पुस्ते ठेगानाको परिचयमात्रै होइन उसको पेशा, शिक्षा, स्वास्थ्य आदि विभिन्न जानकारी हुनेछ । साथै सो कार्डले सवारी चालकको अनुमतिपत्र, तथा अन्य विभिन्न कामका लाइसेन्सहरूको पनि काम गर्नेछ । संक्षेपमा, यो कार्डले अहिलेसम्म बोक्नु पर्ने सबै कार्डलाई विस्थापित गर्नेछ ।

हाम्रा दुई छिमेकी देश भारत र चिनले सूचना प्रविधिको उपयोग गरेर विश्वमै जुन उल्लेखनीय प्रगति गरिरहेको छ त्यसलाई हेर्दा भाजपाको सूचना प्रविधिको उपयोग गरी देश र जनतालाई समृद्ध बनाउने परिकल्पना सपना होइन विपना हुनसक्छ भन्ने स्पष्ट छ । सूचना प्रविधिको क्षेत्रमा हाम्रो युवा पुस्ता पनि कोहीभन्दा कम छैन । अवसर पाएका कतिपय युवा अमेरिका, युरोप र भारतका सूचना प्रविधि उद्योगमा आफ्नो क्षमता देखाइरहेका छन् । यदि हाम्रा पनि गाउँगाउँमा ब्रोडव्याण्ड कनेक्सन पुग्ने हो भने गाउँकै चिसो पानी, शुद्ध खाने कुरा खाँदै, आफ्नै समाज र संस्कृतिमा रमाउँदै अमेरिका, युरोप र जापानको काम र तलब यहीँ बसेर कमाउने छन् । खाँचो छ केवल कल्पनाशील (भिजनरी) नेतृत्वको ।

नयाँ पत्रिका दैनिक, २०६५ चैत १७ गते, सोमबार प्रकाशित ।